# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा अनुगमन शाखा*

**प्रदेश स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. २१६/०८०-८१**

**प्रकाशन मितिः २०८०/११/१४**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सोही ऐनको दफा ३१, ३४, ३५, ३६, ३७, ३८ र ३९ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/१२/०४ गतेसम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेशमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (ख) र (३) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी आवश्यक कागजातहरू संलग्न गरी दरखास्त पेस गर्ने अन्तिम मिति २०८०/१२/०४ गते भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

(क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २९, ३१, ३३, ३५, ३६, ३७, ३८, ३९ बमोजिमको योग्यता पुगेको।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने र किताबखानामा आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सो को व्यक्तिगत अभिलेख (PIS) समेत संलग्न गर्नु पर्ने।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने र सो बमोजिम कागजातहरु संलग्न गर्नु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र बागमती प्रदेशमा समायोजन भएको पत्र पेस गर्नु पर्ने।

(च) स्वास्थ्य सेवा तर्फका उम्मेदवारहरूले आफ्नो सेवा, समूहसँग सम्बन्धित परिषद्मा दर्ता/नविकरण भएको हुनुपर्नेछ।

(छ) दरखास्त दस्तुर रु. १,५००|- (एक हजार पाँच सय)

(ज) दरखास्त दस्तुर बुझाउने स्थानः
राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२०००००१००१००००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(झ) दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

(ञ) विज्ञापन भएका पदहरू, दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

**विवरण**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|
| १. | ११६/०८०-८१ | स्वास्थ्य/आयुर्वेद/शल्य तथा संज्ञाहरण/कन्सल्टेन्ट शल्य चिकित्सक | १ |
| २. | ११७/०८०-८१ | स्वास्थ्य/आयुर्वेद/भेषज/ कन्सल्टेन्ट भेषज विज्ञ | १ |
| ३. | ११८/०८०-८१ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद/कन्सल्टेन्ट आयुर्वेद विज्ञ | २ |
| ४. | ११९/०८०-८१ | स्वास्थ्य/फार्मेसी/औषधी व्यवस्थापक | १ |
| ५. | १२०/०८०-८१ | स्वास्थ्य/मेडिसिन/न्यूरोलोजी/कन्सल्टेन्ट न्यूरोलोजिष्ट | १ |
| ६. | १२१/०८०-८१ | स्वास्थ्य/मेडिसिन/कार्डियोलोजी/कन्सल्टेन्ट कार्डियोलोजिष्ट | १ |
| ७. | १२२/०८०-८१ | स्वास्थ्य/मेडिसिन/चेष्ट डिजिजेज/कन्सल्टेन्ट चेष्ट फिजिसियन | १ |
| ८. | १२३/०८०-८१ | स्वास्थ्य/मेडिकल जनरलिष्ट/कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | १ |
| ९. | १२४/०८०-८१ | स्वास्थ्य/अब्टे.एण्ड गाइनो./कन्सल्टेन्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट | ३ |
| १०. | १२५/०८०-८१ | स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन/कन्सल्टेन्ट जनरल फिजिसियन | ३ |
| ११. | १२६/०८०-८१ | स्वास्थ्य/एनेस्थेसियोलोजी/कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | २ |
| १२. | १२७/०८०-८१ | स्वास्थ्य/सर्जरी/जनरल सर्जरी/कन्सल्टेन्ट जनरल सर्जन | २ |
| १३. | १२८/०८०-८१ | स्वास्थ्य/सर्जरी/अर्थोपेडिक सर्जरी/कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ३ |
| १४. | १२९/०८०-८१ | स्वास्थ्य/रेडियोलोजी/कन्सल्टेन्ट रेडियोलोजिष्ट | १ |
| १५. | १३०/०८०-८१ | स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक मेडिसिन कन्सल्टेन्ट पेडियाट्रिसियन | ४ |
| **कुल जम्मा** | | | **२७** |